# विपद पश्चातको आँकलन: नाकाबन्दी २०७२

अंक ६ - असार २०७३ Volume 6 - June 2016

## पृष्ठभूमि

पछिल्लो एक बर्षभन्दा बढी समयदेखि नेपालको अर्थतन्त्रलाई एकपछि अर्को धेरै चुनौतिहरुले न्याँकेका छन्, जसले गर्दा अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेको छ । भुकम्पले झण्डै ९ हजार मानिसको ज्यान लियो भने २२ हजारभन्दा धेरै घाईते भए, जसले अनुमानित ७ अर्ब अमेरिकी डलर बराबरको आर्थिक नोक्सान भयो भने ७ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान गरिएको छ । त्यसैगरी, भुकम्पको केही महिनापछि तराई मधेश क्षेत्रमा भएका संविधानसँग सम्बन्धित आन्दोलनहरुको कारण नाकाबन्दीको अवस्था सृजना भयो, जसले नेपालको अर्थतन्त्र र समग्रमा सिंगो समाजमानै ठुलो धक्का दियो ।

व्यापार नाकाबन्दी जारी रहेसँगै हाम्रो भूपरिवेष्ठित देशमा अत्यावश्यक आपूर्तिहरु झण्डै ठप्पै भए । नाकाबन्दीको नतिजास्वरुप निम्तिएको इन्धन संकटले अर्थतन्त्रका सबै क्षेत्रहरुमा आफ्नो प्राभाव पार्यो । एकातर्फ अत्यावश्यक आयातहरु जस्तै औषधी तथा इन्धन देशभित्र प्रवेश गर्न दिइएन भने अर्कोतर्फ इन्धनको भयावह संकटले अर्थतन्त्रको उत्पादन, वितरण तथा उपभोग प्रकृयालाई नकारात्मक असर पुर्यायो ।

नाकाबन्दीको तात्कालिन प्रभाव स्पष्ट थियो र मिडियाहरुमा पनि चौतर्फी रुपमा रिपोर्टिंग भयो । नाकाबन्दीले पार्ने दीर्घकालिन प्रभाव धेरै नै जटील र प्रतिकुल हुनसक्छ। त्यसकारण यो अध्ययनले अर्थतन्त्रका महत्वपुर्ण क्षेत्रहरुमा पारेको प्रभावको गहिराई र फैलावट बुझ्ने उदेश्य राखेको छ । नतिजाहरुको आधारमा यो अध्ययनले भविष्यमा अर्थतन्त्रमा पर्न सक्ने यस्तै खालका धक्काहरुको सामना गर्न उपयुक्त हुने उपायहरु समेत सुझाएको छ।

## नाकाबन्दीले कसरी नेपालको दिगो विकासका लक्ष्यहरु प्राप्ति तर्फको शुरुवाती कदममा धक्का दियो

दिगो विकासका लक्ष्यहरु सन् २०३० सम्ममा हासिल गर्न विश्वका नेताहरुले प्रतिबद्धता जनाएका विश्वव्यापी लक्ष्यहरुको संग्रह हो । यी लक्ष्यहरु सहस्राब्दी विकास लक्ष्य (एमडीजी)हरूको उपलब्धिमा टेकेर बनेका छन् जसले गरिबी, भोकमरी, लैंगिक विभेद, बालमृत्युदर, मातृ स्वास्थ्य चुनौतीहरु, रोगहरु, शिक्षा र वातावरणीय चुनौतीहरुजस्ता विश्वव्यापी चुनौतीहरुसँग जुध्ने गन्तव्य तय गरेको थियो । दिगो विकासका लक्ष्यहरुमा १७ वटा लक्ष्यहरु र १६९ वटा गन्तव्यहरु समावेश भएका छन् जसले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुलाई विकासका योजना र नीतिहरु तर्जुमा गर्न खाका प्रदान गर्दछ ।

नेपालले सहस्राब्दी विकासका लक्ष्यहरुले तय गरेका गन्तव्यहरु प्राप्तिमा उल्लेख्य प्रगति हासिल गरेको छ । केही गन्तव्यहरु २०१५ अगावै तय गरेको छ भने केही लक्ष्यहरु पुरा गर्ने संघारमा रहेको छ । यद्यपी साढे चार महिना लामो नाकाबन्दीले निम्त्याएको सामाजिक, आर्थिक र मानवीय जोखिमका कारण नेपालले सहस्राब्दी विकासका लक्ष्यहरुको अवधिमा सृजना भएको सकारात्मक क्षणलाई अगाडि बढाउने महत्वाकांक्षामा ठेस पुगेको छ । दिगो विकासका लक्ष्यहरु प्राप्तिको कार्यान्वयनको शुरुकै बर्षमा नेपाल थुप्रै चुनौतीहरुको माझमा पर्यो । तल प्रस्तुत तालिकाहरुले दिगो विकासका केही लक्ष्यहरुको सन्दर्भमा नेपालको हालैको अवस्थाको परीक्षण गर्ने प्रयास गरेका छन् ।

| | |
|---|---|
| **लक्ष्य १: सबै ठाउँबाट सबै स्वरूपको गरिबीलाई अन्त्य गर्ने** | – भुकम्पका कारण ७ लाखभन्दा बढी मानिसहरु गरिबीको रेखामुनि धकेलिए[1] भने नाकाबन्दीको कारण थप ३ प्रतिशत जनसँख्या गरिबीको रेखामुनि धकेलिएको अनुमान गरिएको छ, जुन सरदरमा ८ लाख मानिस हुन आउँछ। यसरी हेर्दा भुकम्प र नाकाबन्दीको कारण झण्डै १५ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिएको अनुमान गर्न सकिन्छ । |

| | |
|---|---|
| **लक्ष्य २ : भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने** | – देशको कुल कृषि उत्पादनमा करिब २१ प्रतिशत र कुल अन्नबाली उत्पादनको ५३ प्रतिशत[2] हिस्सा रहेको धानको उत्पादन १०.२२ प्रतिशतले घट्ने अनुमान गरिएको छ ।<br>– गहुँ उत्पादनको गिरावट ६ देखि २० प्रतिशतको बीचको हाराहारीमा रहने अनुमान गरिएको छ ।<br>– उत्पादनमा ह्रास आउनुका मुख्य मानवसृजित कारणहरु रासायनिक मल र इन्धन (सिँचाई, बालि भित्र्याउन र ढुवानी गर्न) को चरम अभाव हो ।<br>– यो बर्षको उत्पादनमा आएको गिरावटले आगामी बर्ष खाद्यान्न आयात चुलीमा पुग्ने संकेत गर्दछ यससँगै क्रयक्षमता र पहुँचको प्रश्नहरु उब्जिएका छन् । |

| | |
|---|---|
| **लक्ष्य ३ : स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेर समूहका सबैको कल्याणको प्रवर्द्धन गर्ने** | – नाकाबन्दीका कारण जीवन बचाउन चाहिने अत्यावश्यक औषधी र शल्यक्रियाका लागि चाहिने उपकरणहरुको अभाव । नेपालले भारतबाट ६० प्रतिशत औषधी र अन्य औषधीजन्य आवश्यकताहरु आयात गर्दछ ।<br>– एकातर्फ आयातित औषधीहरुको बजारमा अभाव रह्यो भने अर्कोतर्फ कच्चा पदार्थ र इन्धनको अभावको कारणले औषधीको स्वदेशी उत्पादन समेत प्रभावित भयो ।<br>– इन्धनको संकटको कारणले गर्दा देशको विभिन्न भागहरुमा खोप कार्यक्रमहरु प्रभावित भए जसका कारण देशले अहिले सम्म हासिल गरेका यससँग सम्बन्धित प्रगतिहरु खासगरी घटेको बालमृत्युदर जस्ता उपलब्धिहरु जोगाउन चुनौतीपूर्ण अवस्था सृजना भए । |

| | |
|---|---|
| **लक्ष्य ४ : सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइको अवसरहरुलाई प्रवर्द्धन गर्ने** | – नाकाबन्दीका कारण शिक्षण सेवाहरु अवरुद्ध रहँदा तराई मधेश क्षेत्रका २० जिल्लाहरुमा मात्रै करिब ३४ लाख ७ हजार विद्यार्थीहरु प्रभावित भए । खासगरी मध्य तथा पुर्वी तराईका शिक्षण सेवाहरु बढी प्रभावित भए ।[3]<br>– तराई मधेश क्षेत्रका शहरबजारहरु जुन आन्दोलन र प्रदर्शनका केन्द्र थिए ती जिल्लाहरुमा भएका हिंसात्मक कृयाकलाप र प्रदर्शनहरुका कारण सृजित तनावले नियमित कक्षाहरु संचालन हुन सकेनन् ।<br>– अध्ययन समूहको नतिजाले के देखायो भने मध्य तराई क्षेत्रका विद्यालयहरुले गोप्यरुपमा कक्षा सञ्चालनको तरिका पनि अपनाए जुन कुरा युनिसेफको अक्टोबर २९, २०१५ मा जारी प्रेस वक्तव्यमा उल्लेख छ ।<br>– बसहरुमार्फत विद्यार्थी लाने ल्याउने विद्यालयहरुले यातायात सुविधा सुचारु राख्न एकदमै समस्या भोगे र आवासीय तथा अन्य विद्यालयहरु जसले विद्यार्थीहरुलाई विद्यालयमै खाना(नास्ता सुविधा प्रदान गर्दछन् उनीहरु समेत पकाउने ग्यासको अभावको कारण प्रभावित रहे । |

| | |
|---|---|
| **लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुको सशक्तीकरण गर्ने** | – भुकम्प पश्चात उत्पन्न जोखिमका कारण मानव तस्करहरुले फाईदा उठाउँदै महिला तथा बालिकाहरु नेपालबाट भारततर्फ बेचबिखनको घटनाहरु उल्लेख्य वृद्धि भएको रिर्पोटहरु सार्वजनिक भएका छन् । आर्थिक नाकाबन्दीले बेचबिखनको जोखिमलाई अझै बढाएर यी परिवारहरुको पीडालाई थप विकराल बनाएको छ ।[4] |
| **लक्ष्य ६ : सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने** | – शहरीक्षेत्रहरु जस्तै काठमाडौं जहाँ, पानी र फोहोर ढुवानी इन्धनको सहज आपूर्तिमा निर्भर रहन्छ ती ठाउँहरुमा नाकाबन्दीले पानी र फोहोर व्यवस्थापनको समस्या बढायो । |
| **लक्ष्य ७ : सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुच सुनिश्चित गर्ने ।**<br><br>**लक्ष्य १५ : वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने** | – सीमा नाकाहरु अवरुद्ध भएका कारण भारतबाट आयात रोकियो जसले गर्दा देशभरी नै पेट्रोलियम पदार्थको चरम अभाव सृजना भयो ।<br>– देशका विभिन्न भागहरुमा गैरकानुनी रुपमा कालोबजारबाट ढुवानी गरिएको इन्धन उच्च मुल्यमा बेचियो ।<br>– पेट्रोलियम पदार्थको चरम अभावले मानिसहरुलाई दाउरा उपयोग तर्फ डोहोर्‍याउनुका साथै सरकार आफैंले काठमाडौं उपत्यकामा दाउरा बेच्यो ।<br>– दाउराको माग र मुल्य बढ्न थालेपछी यसको गैरकानुनी रुपमा कटान र तस्करीमा वृद्धि भयो । |
| **लक्ष्य ८ : सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने** | – बृहत आर्थिक सूचकांकहरुले अर्थतन्त्रको निराशाजनक चित्र अगाडि ल्याएको छ। नेपाल सरकारले २०१५ नोभेम्बरमा आर्थिक वृद्धि २ प्रतिशतमा खुम्चने अनुमान गरेको थियो । नेपाल राष्ट्र बैंकले आर्थिक बृद्धि नाकाबन्दी कति लामो समयसम्म रहने र आर्थिक क्रियाकलाप कति छिटो सामान्य अवस्थामा फर्कने कुरामा निर्भर रहने भन्दै आर्थिक बृद्धि ऋृणात्मक ०.९ प्रतिशत र १.७ प्रतिशत बीचको हाराहारीमा रहने अनुमान गरेको थियो। २०७३ बैशाखमा केन्द्रिय तथ्यांक विभागले कुल ग्राहस्थ उत्पादन ०.७७ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गर्यो ।<br>– देशभरीका करिब २२ सय ठुला तथा साना उद्योगहरु यो अवधिमा बन्द रहे र जुन सञ्चालनमा रहे ती उद्योगहरु क्षमताभन्दा कम उत्पादन सहित सञ्चालनमा थिए<br>– यो अवधीमा करिब दुइ लाख औधोगिक कामदारहरु कामबाट बाहिर रहेको सरकारी अनुमानले संकेत गर्दछ। केन्द्रिय तथ्यांक विभाग र नेपाल उद्योग बाणिज्य महासंघले ४ लाख कामदारहरु कामबाट बाहिर रहेको आँकडा देखाएका छन् । |

| | |
|---|---|
| **लक्ष्य ९ : बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगिकीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने** | – नाकाबन्दीको कारण इन्धन र निर्माण सामग्रीको अभावले परियोजनाहरु पूर्ण रुपमा रोकिँदा देशभरीका ठुला तथा साना पूर्वाधार परियोजनाहरुको कार्यान्वयनमा ढीलाई भयो । ठुला पूर्वाधार परियोजनाहरु जस्तै ४५६ मेगावाटको माथिल्लो तामाकोशी, चमेलिया जलविद्युत परियोजना, मेलम्ची खानेपानी आयोजना गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको स्तरोन्नती र काठमाडौंमा चक्रपथ विस्तार लगायतका आयोजनाहरु नाकाबन्दीको बेला ठप्प भए । |

| | |
|---|---|
| **लक्ष्य १० : देशभित्र वा देशहरुबीच रहेको असमानतालाई न्यून गर्ने** | – भुकम्प र नाकाबन्दीको संयुक्त असरका कारण बृहत आर्थिक सूचकले आगामी महिनाहरुमा नेपालको निराशाजनक चित्रको अनुमान गरेको छ । करिब १५ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान छ । नेपालको आर्थिक र मानव विकास सुचकांकहरु दक्षिण एसियाका अन्य देशहरु र विश्वका अन्य समकक्षी मुलुकहरु भन्दा खराब हुने सम्भावना छ ।<br>– देशभित्रको र भारतको सीमाक्षेत्रहरुको निश्चित समुदायहरुले इन्धनको ओसारपसार मार्फत अनौपचारिक व्यापार मार्फत गैरकानूनी रुपमा सम्पत्ति थुपारे पनि देशभित्रको जनसंख्याको ठुलो समुदायल यो अवधिमा आर्थिक कठिनाई भोग्नुपर्यो । |

| | |
|---|---|
| **लक्ष्य ११ : शहरहरुलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने** | – भुकम्पको एक बर्ष बितिसक्दा पनि पुनर्निमाणको प्रकृया एकदमै सुस्त रह्यो र नाकाबन्दीले पुनर्निमाणको चुनौतीलाई थप जटिल बनाइदियो । देश राजनैतिक खिचातानीमा फस्दा पुनर्निमाणपछि धकेलियो र २०७२ पौषमा मात्रै पुनर्निमाण विधेयक संसदबाट औपचारिक रुपमा पारित भयो । त्यसपश्चात २०७२ माघबाट मात्रै पुननिर्माणको औपचारिक प्रकृया शुरु भयो । |

| | |
|---|---|
| **लक्ष्य १६ : दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैलाई न्यायमा पहुच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, उत्तरदायि, समावेशी संस्थाहरुको विकास गर्ने** | – समाजका विभिन्न खण्डहरुमा नाकाबन्दी “हामी विरुद्ध उनीहरु” को मामलाको रुपमा धारणाहरु उठेका कारण असमझदारीको अनुभुति बढ्यो ।<br>– तराईमा महिनौं लामो आन्दोलनका क्रममा आन्दोलनकर्मी र प्रहरी गरि ५० जना भन्दा बढीको मृत्युले अविश्वासको वातावरण सृजना भयो जसले गर्दा विवादास्पद मुद्दाहरुको सहज र शान्तिपूर्ण समाधान हुन सकेन । |

विस्तृत प्रतिवेदनको लागि तलका लिंकहरूमा जानुहोस् ।
www.nepaleconomicforum.org
www.asd.org.np

1 “Nepal Earthquake 2015 Post Disaster Needs Assessment Vol. A: Key Findings”, National Planning Commission, 2015, http://www.npc.gov.np/images/download/PDNA_Volume_A.pdf

2 “Statistical Information on Nepalese Agriculture 2013/2014 (2070/071)”, Ministry of Agricultural Development”, December 2014, http://www.moad.gov.np/uploads/files/Year%20book%202014.pdf

3 “White Paper on the Current Economic Situation and Immediate way Forward”, Ministry of Finance, November 24, 2015, http://www.mof.gov.np/uploads/document/file/White_papaer_final_20151125100100.pdf

4 “Human Trafficking through Birgunj up”, The Himalayan Times, April 27, 2016, https://thehimalayantimes.com/nepal/human-trafficking-birgunj/